नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७४ मंसीर १०

## प्रेश बिज्ञप्ति

मुलुकको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणालीको कार्यान्वयन गर्ने सिलसिलामा एउटा अर्को महत्वपुर्ण आधारको रुपमा रहेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन पुर्व निर्धारित कार्यक्रम बमोजिम आज मंसीर १० गते मुलुकका ३२ जिल्लामा शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । आज भएको निर्वाचनमा अत्यन्त उल्लासपुर्ण र शान्तिपूर्ण वातावरणमा आम मतदाताको सहभागिता भएको छ । पहिलो चरणमा सम्पन्न भएको यस निर्वाचनमा करिब ६५% मत खसेको प्रारम्भिक जानकारी प्राप्त भएको छ भने मतदानस्थलबाट जिल्ला सदरमुकाम सम्म सुरक्षित साथ मतपेटिका ढुवानीको कार्य भइरहेको छ ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सफलतापुर्वक सम्पन्न गराउन सुरक्षा योजना निर्माण गरी प्रभावकारी र समन्वयात्मक रुपमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मीहरुको परिचालन गरिएको थियो । निर्वाचनको क्रममा भरपर्दो सुरक्षा व्यवस्था मिलाइएकै कारण जनताले आफ्नो संबैधानिक हक अधिकारलाई मर्यादापुर्वक प्रयोग गरी निर्वाचन कार्य सफल हुनु आफैमा सुखद पक्ष रहेको छ । भौगोलिक विकटता, मौसमी अवस्था र केहि निर्वाचन विरोधी तत्वहरुको छिटफूट अवरोधका बावजुद यो निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष, निर्भयका साथ उत्साहजनक सहभागितामा सम्पन्न हुनु संघीयता संस्थागत गर्ने एक महत्वपुर्ण उपलब्धि हो ।

मतदान प्रक्रियामा योगदान पुऱ्याउनुहुने आम मतदाता, सबै राजनीतिक दलका नेता, उम्मेदवार, निर्वाचनमा संलग्न राष्ट्रसेवक कर्मचारी, चारैवटा सुरक्षा निकायका सुरक्षाकर्मीहरु, पर्यवेक्षक, संचारमाध्यम तथा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबै प्रति गृह मन्त्रालय हार्दिक आभार प्रकट गर्दछ । साथै आगामी मंसीर २१ गते हुने दोश्रो चरणको निर्वाचनमा समेत यस्तै सहयोग, समन्वय र सहभागिताका लागि गृह मन्त्रालय सबैपक्षमा आह्वान गर्दछ ।

068/8/10

नारायण प्रसाद शर्मा दुवाडी
सहसचिव/प्रवक्ता